# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७५/०२/०२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-------------------------------------------------

मालपोत कार्यालय मझगावाँ रुपन्देहीमा कार्यरत नायव सुब्बा हरि प्रसाद पौडेलले अंश भागको जग्गा दा.खा गरी प्रमाण पूर्जा दिने सिलसिलामा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने उजुरी एवं सूचनाको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवलबाट खटिइ गएको टोलीले निजलाई लेखापढी व्यवसायी रामलखन पाण्डे मार्फत रु.६,०००/-(छ हजार) र उजुरी निवेदकसंग रु.५,०००/-(पाँच हजार) गरी जम्मा रु.११,०००/-(एघार हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिइ अनुसन्धान हुँदा निज राष्ट्रसेवक हरि प्रसाद पौडेलले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिम कसुर र लेखापढी व्यवसायी रामलखन पाण्डेले सोही ऐनको दफा ३ को उपदफा (२) बमोजिमको कसूर गरेको देखिन आएकोले राष्ट्रसेवक हरि प्रसाद पौडेललाई बिगो रु.११,०००/-(एघार हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र सोही दफाको उपदफा (१) को देहाय (क) बमोजिम जरिवाना र कैद सजाय र लेखापढी व्यवसायी रामलखन पाण्डेलाई बिगो रु.६,०००/-(छ हजार) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (२) को आधारमा दफा ३ को उपदफा(१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम बिगो जफत गरी बिगो बमोजिम जरिवाना र तीन महिनासम्म कैद सजाय हुन मागदावी लिइ आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ।

(दीर्घराज मैनाली)
सह-सचिव एवं प्रवक्ता